केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१५/०६९/७० मिति: २०६९/११/०९

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. १ को अनुसूची नं. १.१ "Capital Adequacy Framework, 2007" को बुँदा नं. ६.४ को खण्ड a. Supervisory adjustments in risk weighted assets and capital अन्तरगतको *"7. Where the banks do not adopt sound practices for the management of operational risk, an additional capital charge of 2% of Gross Income of Immediate previous financial year shall be levied for operational risks."* मा उल्लिखित २ प्रतिशतलाई वृद्धि गरी ५ प्रतिशत कायम गरिएको छ।

२. इजाजतपत्रप्राप्त "ख" र "ग" वर्गका संस्थाहरुको हकमा २०६९ चैत्र मसान्त देखि पूँजीकोष गणना गर्दा संचालन जोखिम वापत कुल सम्पत्तिको ५ प्रतिशत रकम जोखिम भारित सम्पत्तिको रुपमा थप गर्नुपर्ने व्यवस्था कायम गरिएको छ। साथै, सो व्यवस्थालाई यस बैंकबाट जारी एकीकृत निर्देशनमा देहाय बमोजिम समावेश गरी संशोधन गरिएको छ।

(क) इ.प्रा. निर्देशन नं. १/०६९ "न्यूनतम पूँजीकोष सम्बन्धी व्यवस्था" को बुँदा नं. ५.२ (वासलातवाहिरका कारोबारहरुमा जोखिम भार - "क" वर्ग बाहेक) अन्तरगत रहेको तालिकाको अन्तमा "संचालन जोखिम वापत कायम गर्नुपर्ने रकम" थप गरी शत् प्रतिशत जोखिम भार कायम गरिएको छ।

(ख) खण्ड (क) बमोजिमको व्यवस्थालाई यस बैंकबाट जारी ने.रा. बैंक निर्देशन फा.नं. १.२ र अनुसूची ४.३० (क) का फारमहरुमा "वासलातवाहिरका कारोवारहरु" अन्तरगत राखी गणना गर्नुपर्ने व्यवस्था कायम गरिएको छ।

३. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. ६ को बुँदा नं. १ को उपबुँदा (१३) पछि देहायको उपबुँदा (१४) थप गरिएको छ।

*"नेपाल सरकारबाट नियुक्त पाएका कुनै पनि ओहोदाका व्यक्ति वा नेपाल सरकारको स्वामित्व भएका संघ संस्था वा नेपाल सरकारको अनुदान प्राप्त विद्यालय वा शैक्षिक संस्था लगायतका सार्वजनिक संस्थानमा पूर्णकालिन रुपमा कार्यरत रहेका व्यक्ति/कर्मचारीहरु नेपाल सरकार वा सम्बन्धित संघ/संस्थाकोतर्फबाट प्रतिनिधित्व हुने देखि बाहेक अन्य कुनै किसिमले संचालक समितिमा निर्वाचित वा मनोनित हुन पाइने छैन।*

*तर हाल कायम रहेका संचालकहरुको हकमा आफ्नो पदावधि पूरा गर्न यस व्यवस्थाले वाधा पुर्‍याएको मानिने छैन।"*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

४. यस बैंकबाट जारी एकीकृत निर्देशनको ने.रा.बैंक निर्देशन फा.नं. ९.३(क) को प्रष्टीकरणमा देहायको खण्ड १५ थप गरिएको छ ।

*"१५. साना तथा मझौला उद्यम:*

*देहायका सम्पूर्ण अवस्था एवं आधार विद्यमान रहेको उद्यमलाई साना तथा मझौला उद्यम (SME) को रुपमा परिभाषित गरिएको छ ।*

*(क) बढीमा रु. ५० लाखसम्म चुक्ता पूँजी भएको ।*
*(ख) बढीमा रु. ५ करोडसम्मको स्थिर सम्पत्ति भएको ।*
*(ग) उत्पादन वा सेवामुलक व्यवसायमा संलग्न भएको ।*
*(घ) उद्यमी स्वयं कारोवार तथा व्यवसायमा संलग्न भएको ।"*

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।